# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## जनशक्ति व्यवस्थापन विभागको

## अनलाईन (Online) दरखास्त फारम सम्बन्धी सूचना

(मिति : २०७९/१२/१५)

यस बैंकमा रिक्त रहेको तथ्याङ्कशास्त्री (अधिकृत तृतीय सरह) पद संख्या २ करारमार्फत् पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०७९/१२/१५ गते देखि मिति २०७९/१२/२९ गतेसम्म अनलाइन दरखास्त फारम पेश गर्न आव्हान गरिएको छ । दरखास्त पेश गर्दा आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, तोकिएको अनुभव खुल्ने प्रमाणपत्र तथा अन्य सम्पूर्ण प्रमाणपत्र स्क्यान गरी संलग्न गर्नुपर्नेछ । दरखास्त दस्तुर भुक्तानी नभएका वा रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण पेश गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

विज्ञापन नं ११८/२०७९

पद : तथ्याङ्कशास्त्री (अधिकृत) — माग पद संख्या: २

| | | |
|---|---|---|
| शैक्षिक योग्यता | :- | मान्यताप्राप्त विश्वविद्यालयबाट तथ्याङ्कशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण । |
| आवश्यक अनुभव | :- | सम्वन्धित विषयमा कम्तिमा २ वर्ष काम गरेको अनुभव । |
| उम्मेदवारको उमेर | :- | दरखास्त दिने अन्तिम मितिमा ४५ बर्ष ननाघेको । |
| उम्मेदवारको छनोट विधि | :- | लिखित परीक्षा तथा अन्तर्वार्ता । (दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको संख्या १०० वा सोभन्दा कम भएमा प्रयोगात्मक र अन्तर्वार्तामात्र हुनेछ ।) |

अन्य विवरण

| | | |
|---|---|---|
| १. करार सेवा अवधि | : | ६ महिना (कार्यसम्पादन सन्तोषजनक भएमा नवीकरण हुनसक्ने) । |
| २. स्वीकृत नामावली र परीक्षा कार्यक्रम प्रकाशन | : | २०८० साल बैसाख ८ गते बैंकको बेवसाइटमा प्रकाशन हुनेछ । |
| ३. पारिश्रमिक तथा अन्य | : | बैंकको नियमानुसार करारनामामा उल्लेख भए बमोजिम हुनेछ । |
| ४. काम गर्नुपर्ने कार्यालय | : | बैंकको केन्द्रीय कार्यालय । |

५. सेवा सम्बन्धी शर्त : दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्तअनुसार हुनेछ ।

६. दरखास्त पेश गर्ने तरीका : यस बैंकको website: www.nrb.org.np मा Career भित्र राखिएको Online Portal for Contract Application बाट भर्न सकिनेछ ।

७. परीक्षा दस्तुर : रु. १०००।- (रीत नपुगेको कारणले अस्वीकृत हुने आवेदनहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन)

८. परीक्षा दस्तुर बुझाउने : अनलाईन दरखास्त फाराम Submit गरेपश्चात् पोर्टलमा रहेको Connect IPS, eSewa वा Khalti मार्फत् बुझाउन सकिनेछ ।

९. अनलाईन दरखास्त पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको जनशक्ति व्यवस्थापन विभाग वालुवाटार, फोन नं. ०१-४४१९८०४/०५/०६/०७ एक्स्टेनसन नं. १३८ वा ०१४४४१०३६ मा अथवा बैंकको ईमेल ठेगाना career@nrb.org.np मार्फत् सम्पर्क गर्न सकिनेछ ।

१०. यो सूचना तथा उपरोक्त पदको पाठ्यक्रम यस बैंकको website: www.nrb.org.np को Career अन्तर्गत Notices मा राखिएको छ ।

(इमेश पौडेल)
सदस्य सचिव एवं
उपनिर्देशक